का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ कात्तिक २०८२
बिहीबार
13 November 2025
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक २७३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# फिर्ता भएन त्रिविको १५ सय रोपनी जग्गा



अहिले प्रतिवेदन कार्यान्वयन गर्नेगरी अध्ययन हुँदै छ ।

**महावीर पुन**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री

## उपकुलपतिमाथि दबाब बढाउँदै कुलपति !

त्रिविको जग्गा तथा अचल सम्पत्ति छानबिन समितिको प्रतिवेदनमा उल्लेख भएअनुसार कीर्तिपुरस्थित १ हजार ५ सय रोपनी जमिन भोगचलनका हिसाबले विभिन्न संस्थाको मातहतमा छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक

त्रिभुवन विश्वविद्यालयको १ हजार ५ सय बढी रोपनी जग्गा हिनामिना भएको विषयसहितको प्रतिवेदन तयार भएको एक वर्ष हुन लाग्यो ।

२०८१ माघ १४ गते त्रिविको जग्गा तथा अचल सम्पत्ति छानबिन समितिले आफ्नो प्रतिवेदन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाएको थियो । यति ठुलो विषयमाथिको अनुसन्धान प्रतिवेदन अझैसम्म कार्यान्वयनमा आउन सकेको छैन ।

त्रिविको १ हजार ५ सय बढी रोपनी जग्गामा निजीदेखि धार्मिक संघसंस्थासम्मले प्रयोग गरिरहेको विषयमा कुनै एक्सन नहँदा सार्वजनिक रूपमा प्रश्न उठिरहेको छ । नागरिक चासो ख्याल गर्दै सरकारले २०८२ साल असोज २६ गते उक्त प्रतिवेदन औपचारिक रूपमा नै सार्वजनिक गऱ्यो । फेरि पनि उक्त प्रतिवेदन कार्यान्वयनमा जान नसकेको भनेर सरकारमाथि दबाब दिनेहरू बढेका छन् ।

विभिन्न संघसंस्थाले अवैध रूपमा हडपेको त्रिभुवन विश्वविद्यालयको जग्गा फिर्ता गर्न नेपाल विद्यार्थी संघ (नेविसंघ)ले समेत माग गरेको छ । नेविसंघले त्रिविका उपकुलपति प्राडा दीपक अर्याललाई भेटेरै यस्तो माग राखेको हो ।

नेविसंघ त्रिवि समितिका अध्यक्ष विष्णु बडैलाको नेतृत्वमा गएको विद्यार्थीको टोलीले ठेकेदारसँग रकम असुलीमा संलग्नको नाम सार्वजनिक गर्न पनि माग गरेको छ ।

यता, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदनलाई कार्यान्वयन गर्ने तयारीमा रहेको जवाफ दिइरहेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन आफैं पनि प्रतिवेदनको कार्यान्वयन गर्न काम भइरहेको बताउँछन् ।


उनले पत्रकारहरूसँग भनेका छन्, 'अहिले प्रतिवेदन कार्यान्वयन गर्नेगरी अध्ययन हुँदै छ ।'

तथापि, त्रिविको जग्गा र अचल सम्पत्ति अतिक्रमण गर्नेलाई कारबाही प्रक्रिया अगाडि बढ्न सकेको छैन । यस्तोमा स्वयं प्रधानमन्त्री सुशीला कार्की असन्तुष्ट छिन् । प्रधानमन्त्री कार्कीले त्रिविको अपचलनमा >>> पृष्ठ २ मा

## फरार कैदी र लुटिएका हतियारको त्रास
# बढे अति संवेदनशील मतदान केन्द्र




अघिल्लो निर्वाचनभन्दा यसपटकको मतदान केन्द्रहरूको सुरक्षा संवेदनशीलता बढेको छ । गृह मन्त्रालयले पनि विगतका निर्वाचनभन्दा फरक रणनीति अपनाउनेगरी सुरक्षा रणनीति तयार गर्दै छन् ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक

४ मंसिर २०७९ को आमचुनावको तुलनामा आगामी फागुन २१ गते हुने चुनावको सुरक्षा थप जटिल हुने अनुमानसहितको चुनावी सुरक्षा अवस्थाबारे प्रारम्भिक विश्लेषण तयार भएको छ ।

गृह मन्त्रालयले ७७ वटै जिल्लाको समग्र सुरक्षा अवस्था र मतदान केन्द्रहरूको सुरक्षा संवेदनशीलताबारे विवरण संकलन गरेको हो । सो विवरणका आधारमा सरकारले निर्वाचन सुरक्षा योजना तयार पार्दै छ । त्यसलाई अन्तिम रूप दिनुअगाडि जिल्ला सुरक्षा समिति तथा विभिन्न सुरक्षा निकायमार्फत विवरण भिडाउने कार्य भइराखेको छ ।

प्राप्त विवरणका आधारमा तयार प्रारम्भिक विश्लेषणअनुसार विगतको तुलनामा अति संवेदनशील मतदान केन्द्र थपिनेछन् ।

जिल्ला सुरक्षा समितिहरूले गृह मन्त्रालयलाई पठाएको विवरणअनुसार आगामी फागुन २१ को चुनावमा देशभर १० हजार ३ सय ६९ मतदान केन्द्र राख्ने तयारी छ । यसमध्ये ३ हजार ३ सय ५२ मतदान केन्द्र सुरक्षाका दृष्टिले अति संवेदनशील रहने अनुमान छ । यस आधारमा सुरक्षा रणनीति तय गरिँदै छ ।

अघिल्लो चुनावमा २ हजार ९ सय ४६ मतदान केन्द्र अति संवेदनशील थिए । यसपटक थप ४ सय ६ वटा मतदान केन्द्र अति संवेदनशील अवस्थामा रहेको प्रारम्भिक विश्लेषण छ ।

४ हजार २ सय ८० मतदान केन्द्र संवेदनशील रहेको प्रारम्भिक विश्लेषण छ । अघिल्लो चुनावमा यसको संख्या ४ हजार ४ सय २३ थिए । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# बिहानैदेखि भिडभाड नगर्न कतारका सेवाग्राही नेपालीलाई दूतावासको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ कात्तिक

कतारस्थित नेपाली दूतावासले नेपालीहरूको बिहानैदेखि भिडभाड गर्ने शैलीका कारण गुनासो बढेको बताएको छ । विभिन्न समस्याबाट पीडित भएका नेपाली बिहान ५ बजे नै नेपाली दूतावास पुग्ने गरेका छन् ।

नेपालीहरूको बिहानैदेखि भिडभाड, खुला स्थानमा लामो समयसम्म सवारी साधन पार्किङ गर्ने बानीका कारण दूतावास आसपास निवास भएका कतारीहरूले 'डिस्टर्ब भएको' भन्दै गुनासो गर्ने गरेको दूतावासको भनाइ छ ।

दूतावासले एक विज्ञप्ति नै जारी गरेर दूतावासको कार्यालय परिसर बाहिर बिहान ५ बजेदेखि नै सेवाग्राहीहरू भेला हुने, खुला स्थानमा लामो समयसम्म सवारी साधन पार्किङ गर्ने, अनावश्यक भिडभाड गर्ने, ठुलो स्वरमा कुराकानी तथा होहल्ला गर्ने कार्यले छिमेकमा रहेका बासिन्दाहरूलाई असहज भएको भनी बारम्बार गुनासो आइरहेको हुँदा सम्पूर्ण सेवाग्राहीलाई कार्यालय समयलाई ख्याल गरेर मात्र सेवा लिन आउन आग्रह गरेको छ ।

छिटो आउनै पर्ने भए बिहानको आठ बजे मात्र आइपुग्न र सेवा लिन सम्बन्धित सेवाग्राही मात्र उपस्थित हुन तथा दूतावास र कतारी कार्यालय आसपास लामो समयसम्म अनावश्यक रूपमा बस्ने कार्य नगर्न पनि दूतावासले आग्रह गरेको छ । कतारमा नेपालीहरूले कन्स्ट्रक्सन, होटेल-रेस्टुरेन्ट, सुपरमार्केट, सेक्युरिटीसहितका विभिन्न सरकारी, अर्धसरकारी क्षेत्रमा काम गर्दै आएका छन् । कतारमा हाल करिब ४ लाख नेपाली कार्यरत रहेका छन् । तर नेपाली दूतावासले न्यून जनशक्तिका कारण अपेक्षाअनुसारको सेवा पुऱ्याउन सहज नभएको बताउँदै आएको छ ।

कतारमा विदेशी श्रमिकका लागि ३ महिनाको परीक्षणकाल हुने गरेको छ । तर सो समयमा पूरा तलब नदिएको, पटकपटक ठाउँसारी गरेर काममा लगाउने गरिएको जस्ता गुनासा आउने गरेको बताइएको छ ।

## नक्कली म्यानपावर खोलेर लाखौं ठगी

**काठमाडौं/मस–** चितवनको भरतपुर बाइपास रोडमा खोलिएको एक नक्कली म्यानपावर कम्पनीले ठुलो संख्यामा नेपालीलाई भिजिट भिसामा स्लोभाकिया पुऱ्याएर अलपत्र पारेको खुलासा भएको छ ।

करिब ६ महिनाअघि भरतपुरका दुई सय जना युवालाई 'वर्क कन्ट्रोल' भिसामार्फत स्लोभाकिया पठाइएकोमा उनीहरू हाल काम र तलब नपाएको अवस्थामा रहेको बताइएको छ । आफूहरूले उड्नु अघि एजेन्टलाई १४ लाखसम्म तिरेको पीडितहरूले बताएका छन् ।

मासिक एक हजार युरो तलबसहित खानालगायतका सुविधा दिने भनेर पठाएकोमा हाल सय जनालाई तलबको आधा रकम दिइएको र अन्य बिना तलब रहेको बताइएको छ ।

ठगी धन्दामा भारत र बंगलादेशका व्यक्तिहरू पनि संलग्न रहेको कतिपयले बताएका छन् । सुरुको तीन महिनाको नेसनल डी-भिसा र त्यसपछि टेम्पोररी रेसिडेन्स कार्ड (टिआरसी) दिने भनिएकोमा ६ महिना बितिसक्दा पनि कुनै कार्ड नबनेको पीडितहरूको भनाइ छ ।

**बेमौसमी वर्षाको असर**

# धान उत्पादन घट्ने धानचामल आयात बढ्ने

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक

यसपालि धानको उत्पादन घट्ने भएको छ । रोपाइँ गर्नेबेला पानी नपर्दा र काट्ने बेलामा बेमौसमी वर्षा हुँदा धान उत्पादनमा कमी आउने प्रक्षेपण गरिएको छ ।

रोपाइँका बेला वर्षा नहुँदा यस वर्ष धान खेती क्षेत्र घटेको थियो भने धान काट्न ठिक्क परेको बेला परेको वर्षाले झन् धेरै क्षति गऱ्यो । बेमौसमी वर्षा, बाढी पहिरो र डुबानलगायत कारण धान उत्पादनमा ५ प्रतिशतभन्दा धेरैले कमी आउने कृषि मन्त्रालयको प्रारम्भिक प्रक्षेपण छ । धान रोपाइँका बेलामा तराई क्षेत्र र विषेशगरी मधेश प्रदेशमा पानी नपर्दा किसानले समयमा धान रोप्न पाएका थिएनन् । खडेरीका कारण मधेश प्रदेशमा रोपाइँसमेत कम भएको थियो ।

धान उत्पादन बढी हुने तराईका जिल्लामा बेमौसमी वर्षा र डुबानले उत्पादनमै असर पारेको हो । वर्षाका कारण देशभर कृषि क्षेत्रमा साढे ३ अर्बभन्दा बढीको क्षति भएको



मन्त्रालयले जनाएको छ । प्रदेश सरकारको तथ्यांकका आधारमा धान उत्पादन घट्ने प्रक्षेपण गरिएको मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ महानन्द जोशीले बताए । उनले भने, 'समयमै वर्षा नहुँदा र धान काट्नेबेला आएको बेमौसमी वर्षाले यस वर्षमा धान खेतीमा असर गरेको छ । प्रदेशबाट क्षतिको तथ्यांक अझै आउन बाँकी छ । क्षतिको अनुमान हेर्दा गत वर्षभन्दा धान उत्पादनमा घटेको देखिएको छ ।'

उनका अनुसार गत वर्ष वर्ष ५९ लाख ५५ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । मुलुकभर गत वर्ष १३ लाख हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको थियो । यो वर्ष गत वर्षको तुलनामा धान रोपाइँमा समेत क्षेत्रसमेत घटेको छ । सोही कारण गत वर्ष बढेको धान >>> पृष्ठ २ मा

# निर्वाचनको ६० प्रतिशत बढी काम सकिएको छ : आयोग



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनको तयारीका सम्बन्धमा बुधबार निर्वाचन आयोगका पदाधिकारीसँग छलफल गरेकी छन् ।

प्रधानमन्त्री कार्कीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा.जानकीकुमारी तुलाधर, सगुनशमशेर राणा र अन्य अधिकारीसमेतसँग छलफल गरेकी हुन् ।

आयोगले निर्वाचन तयारीअन्तर्गतका ६० प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको र हालसम्मको मूल्यांकनमा आउँदो फागुन २१ गते निर्वाचन सम्पन्न गर्न सकिने विश्वास रहेको जानकारी गराएको छ ।

आयोगमा दर्ता रहेका र कम्तीमा वडा सदस्यसम्म विजय भएका दलसँग छलफल गर्दा अहिलेसम्म कसैले पनि निर्वाचनमा भाग लिन नसकिने भन्ने भाव व्यक्त नगरेको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए ।

बरु विगतमा निर्वाचन बहिष्कार गरी बाधा-विरोध गर्ने समूह र दलहरूसमेत अहिले आयोगमा दर्ता भएर चुनावमा भाग लिन तत्पर भएको कारण विगतमाभन्दा अझै सहज वातावरण बन्दै गएको भण्डारीको भनाइ थियो ।

आयोगमा नयाँ दल दर्ता र मतदाता नामावलीमा समावेश हुनेक्रम पनि उत्साहजनक रहेको बताउँदै उनले तोकिएकै मितिमा निर्वाचन गराउन सम्भव रहेको र आयोग यसका लागि सक्षम आयोगले आफ्नो अनलाइन प्रणालीमा मतदाता नामावली दर्ताको चाप व्यवस्थापन गर्न बिहान ७ देखि साँझ ७ बजेसम्म दुई सत्रमा काम गर्न थालिएको, जनशक्ति बढाइएको र प्राविधिक समस्याको पनि तत्काल समाधानको व्यवस्था मिलाइएको बताए ।

यस्तै राष्ट्रिय पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेले राष्ट्रिय परिचयपत्र वितरणका लागि संकलन गरेको जैविक तथ्यांक निर्वाचन आयोगलाई उपलब्ध गराउन तयार रहेको बताए ।

आयोगले बिहीबारबाटै राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा पनि मतदाता नामावलीमा समावेश गर्ने प्रक्रिया सुरु गर्दैछ । यसका लागि बुधबार रातभरिमा प्राविधिक तयारी र परीक्षणका सबै काम गरिसकिएको आयोगले जनाएको छ ।

निर्वाचनका लागि हालसम्म २२ वटा राष्ट्रिय र दुई वटा अन्तरराष्ट्रिय पर्यवेक्षक संस्थाहरू निर्वाचन पर्यवेक्षणका लागि आवेदन दिएका छन् । यस्तै निर्वाचन आचारसंहिताको मस्यौदा सुझावका लागि सबै दललाई पठाइसकिएको र अब निर्वाचन कार्यक्रम प्रकाशन गर्न लागेको आयोगले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले निर्वाचनमा उम्मेदवारको खर्चको सीमा घटाउन र मतदाताको सहजताका लागि अन्तरजिल्ला मतदानको व्यवस्था गर्न कति सम्भव छ भन्ने विषयमा चासो राखेकी थिइन् ।

# 'नागरिक हितार्थ तीन तहका सरकारबीच सहकार्य अपरिहार्य'




**सुर्खेत/मस–** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले नागरिक हितका लागि संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्य अपरिहार्य भएको बताएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेतको आयोजनामा वीरेन्द्रनगरमा सञ्चालन भएको 'प्रदेश तथा स्थानीय तहबीच अन्तरसरकार सम्बन्धका सवालमा छलफल तथा अन्तरक्रिया' को समापन समारोहमा मुख्यमन्त्री यामलाल कँडेलले विकास निर्माण तथा सेवा प्रवाहमा तीनै तहका सरकारहरूको सहकार्य र समन्वयको अभावले नागरिक असन्तुष्टि बढ्दै गएको बताए ।

दोहोरोपन, अधुरा काम र गुणस्तरहीन विकासबाट जोगिन सहकार्यको आवश्यकता रहेको बताउँदै उनले भने, 'भूगोल सबैको एउटै हो । त्यसैले विकास निर्माणमा सहकार्य र समन्वय हुन सकेमात्र जनताले प्रत्यक्ष लाभ पाउँछन् । अहिलेको परिवर्तित अवस्थामा जननिर्वाचित निकाय प्रदेश र स्थानीय तहबीचको सम्बन्ध अझ सुदृढ गर्दै जानुपर्छ ।'

आन्दोलनपछि बनेको गैरदलीय सरकारले प्रदेश र स्थानीय तहलाई आफ्नो युनिट हो कि जस्तो गरी गरेको पत्राचार तथा व्यवहारमा पछिल्लो समय सुधार भएको उनको भनाइ थियो । दलको विश्वसनीयता पुनःस्थापना गर्न जनताको समर्थन पाउनेगरी काम गर्नुपर्नेमा पनि उनले जोड दिए ।

मुख्यमन्त्री कँडेलले भने, 'जनताको विश्वास जित्ने गरी काम गर्न सकेमात्र राजनीति बलियो हुन्छ । हामी आफ्नो आम्दानी बढाउने गरी गच्छेअनुसारको सरकार चलाउने व्यवस्थामा छौं ।'

प्रदेश र स्थानीय दुवै सरकारको विकास र जनसेवा गर्ने उद्देश्य भएकाले प्रतिस्पर्धा होइन नभई सहकार्यबाट मात्र कर्णालीको विकास सम्भव हुने मुख्यमन्त्री कँडेलको भनाइ थियो । दुईदिने अन्तर्क्रियामा दश जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख तथा २५ नगरपालिकाका नगरप्रमुख/उपप्रमुख र ५४ गाउँपालिकाका अध्यक्ष/उपाध्यक्षासहित कर्णाली सरकारका प्रमुख सचिवदेखि पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूको सहभागिता रहेको थियो ।

# हवाई सुरक्षामा सरकारको लगानी कमजोर



**काठमाडौं/मस–** सरकारले हवाई सुरक्षामा गरेको लगानी कमजोर रहेको अध्ययन प्रतिवेदनले देखाएको छ ।

हालै नागरिक उड्डयन क्षेत्रको सुधार सम्बन्धी उच्चस्तरीय अध्ययन तथा सुझाव समितिले गरेको अध्ययनका क्रममा सरकारले गरेको लगानी कमजोर रहेको पाइएको हो ।

समितिले आफ्नो अध्ययनको सिलसिलामा हवाई सुरक्षा व्यवस्थापनका लागि नियमित रुपमा के कति लगानी र खर्च भइरहेको छ त्यसबारे चासो राखेको थियो ।

जसमा उड्डयन सुरक्षाका विभिन्न आयामहरुहरुको भौतिक अवलोकन र व्यवस्थापकीय प्रक्रियाहरुको अध्ययनमा नागरिक उड्डयन प्राधिकरणको खर्च र लगानी भौतिक संरचना निर्माणमा बढी केन्द्रित रहेको पाइएको छ ।

अध्ययन प्रतिवेदनमा भनिएको छ,'रनवे, ट्याक्सीवे, टर्मिनल भवन निर्माण जस्ता भौतिक संरचनाको विकासले निश्चित रुपमा विमानस्थलको क्षमता अभिवृद्धिका लागि योगदान दिन्छन् भने त्यसको साथसाथै विकसित क्षमताले थप सुरक्षा आवश्यकताको माग गर्दछ । तर प्राधिकरणद्वारा निर्माण भइरहेको क्षमता विकासका भौतिक संरचनाहरु संगसंगै उड्डयन सुरक्षाका लागि भनी कुनै ठोस विकास एवम् आधुनिकीकरणका योजना बनेको वा कार्यान्वयनमा रहेको भेटिएन ।'

अध्ययन प्रतिवेदनकाअनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको एक दशक भन्दा बढी पुराना सीएनएस उपकरणहरुलाई समय सापेक्ष परिवर्तन/प्रतिस्थापन गर्नुपर्ने विषयमा कुनै पहल लिइएको नदेखिनु यसको एक दृष्टान्त हो । यसै विमानस्थलमा रहेको वन्यजन्तुको खतरा अन्तर्गत पर्ने बर्ड स्ट्राइकका अनवरत घटनाको कारण देखिएका उड्डयन सुरक्षाका विषय अति नै चुनौतिपूर्ण रहेको अवस्थामा कुनै दूरगामी पहल लिनमा उल्लेखनीय उपलब्धि हासिल गरेको नदेखिएको भेटिएको छ । तथापि यस्ता प्रकृतिका उड्डयन सुरक्षाका विषयमा नागरिक उड्डयन प्राधिकरणको विगत ५ वर्षको पुँजीगत लगानीको बजेट र खर्चमा उल्लेख नरहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अध्ययन प्रतिवेदनकाअनुसार नागरिक उड्डड्यन प्रणालीको विकासको अन्तिम प्रतिफल उड्डयन सुरक्षाको अवस्था रहेकाले कुनैपनि विश्वासिलो र विकसित नागरिक उड्डड्यन प्रणालीको मापक भनेको नै 'उड्डयन सुरक्षा' को विद्यमान अवस्था नै हो । यस अर्थमा राज्यले गर्ने महालेखा परीक्षणमा आम्दानी र खर्चको लेखाजोखा गर्दा सुशासनलाई पनि महत्व दिइने हुँदा यस्तो लेखा परीक्षणमा भौतिक पूर्वाधारको साथसाथै 'उड्डयन सुरक्षा' को लागि पुँजीगत बजेटको अवस्था तथा खर्च समेतको परीक्षण हुनुपर्ने अध्ययन प्रतिवेदनले जोड दिएको छ । त्यस्तो परीक्षण हुन सकेमा 'उड्डयन सुरक्षा' को विषयले लगानी प्राथमिकता प्राप्त गर्न सक्नेछ । कुनै ठोस पहलको अभावमा भौतिक संरचनाले मात्र सुसज्जित नागरिक उड्डड्यन प्रणाली 'उड्डयन सुरक्षा' को कारण सधैं चिन्ताको विषय बनिरहन सक्ने प्रतिवेदनमा उल्लेख छ ।

महालेखा परीक्षकको बैसट्ठियौं वार्षिक प्रतिवेदन, २०८२ अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणको विभिन्न बैंक मौज्दातको लेखाजोखा गर्दा निष्कृय मौज्दात ३ अर्ब ४९ करोड ८० लाख रुपैयाँ रहेको देखिएको छ । यो वर्षौंदेखि अनुत्पादक रुपमा चालु खातामा रहेको रकम भन्ने बुझिन आएको र एकातर्फ नागरिक उड्डयन प्राधिकरणले सञ्चालन गरेको देशको सवैभन्दा ठूलो विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल 'उड्डयन सुरक्षा' को दृष्टिले वाइल्ड लाइफ हजार्ड अन्तर्गत बर्ड स्ट्राइकका घटनाले आक्रान्त रहेकाले त्यसको समाधानको प्रतिक्षामा रहेको जस्तो देखिने अध्ययन प्रतिवेदनमा उल्लेख छ । हाल विश्वमा नागरिक उड्डयनका लागि सदैव सुरक्षा खतराको प्रथम श्रेणीमा रहने चरा ठोक्किने खतराको विषयलाई प्रतिकार गर्ने अनेकन आधुनिक उपायहरु उपयोगमा आइसक्दा पनि नेपालमा त्यस सम्बन्धी कुनै ठोस र दीर्घकालिन तयारी वा चासो नहुनु दुःखद् रहेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा भनिएको छ,'त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण र प्रस्थान गर्ने वायुयानहरु वाइल्ड लाइफ हजार्ड वा बर्ड स्ट्राइकको खतराको लागि तयार भई उडान भरिरहेका छन् भन्दा अतिशयोक्ति नहुने देखियो । विश्वमा चराचुरुङ्गी, ड्रोन आदिको हस्तक्षेपबाट बच्न एभिएन राडार जस्ता प्रविधिको प्रयोग भइरहेको पाइन्छ । 'उड्डयन सुरक्षा' अभिवृद्धि गर्ने दायित्व वहन गर्ने नेपाल नागरिक उड्डयन प्राधिकरणलाई ३ अर्व भन्दा बढी निष्कृय नगद मौज्दातका कारण पनि आर्थिक अभाव नहुने विश्वास गर्न सकिने हुँदा यस्तो उड्डयन खतराको विषयमा ठोस पहल को लागि प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।'

नागरिक उड्डयन क्षेत्रको सुधार सम्बन्धी अध्ययन र सुझावका लागि गठित उक्त समितिले गरेको अध्ययनमा त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलको सुरक्षाबारे प्राप्त तथ्य र जानकारीहरु महालेखा परीक्षकको प्रतिवेदनले उल्लेख गरेका तथ्यसँगै राखेर जाँचिएको छ । अध्ययनहनुसार उक्त विमानस्थलको सुरक्षा व्यवस्थापन कमजोर रहेको पाइएको छ भने सुरक्षा नियमनका कार्यहरु चिन्ताजनक रहेको प्रतिवेदनमा उल्लेख छ ।

# फर्जी शैक्षिक प्रमाणपत्र पेस गरेको आरोपमा शिक्षिकाविरुद्ध मुद्दा दायर



**काठमाडौं/मस–**अख्तियार दुरुपयोग अनुसन्धान आयोगले झापाको दमक नगरपालिका-५ स्थित श्री दिपिनी आधार भूत विद्यालयकी शिक्षिका देवी निरौलाविरुद्ध फर्जी शैक्षिक प्रमाणपत्र पेस गरी शिक्षक बनेको आरोपमा आज विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार निरौलाले भारतको विहार संस्कृत शिक्षाबोर्ड, पटनाबाट जारी भएको माध्यमिक तहको परीक्षा उत्तीर्ण प्रमाणपत्र पेस गरी सो विद्यालयमा प्राथमिक तहको शिक्षिका पदका लागि नियुक्ति लिएकी थिइन् ।

अनुसन्धानका क्रममा सो प्रमाणपत्र नक्कली र झुट्टा भएको पुष्टि भएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

निरौला २०५५ मा अस्थायी रूपमा नियुक्त भई २०७५ साल चैत २८ गते स्थायी नियुक्ति लिई हालसम्म सोही विद्यालयमा कार्यरत रहेको पाइएको आयोगले जनाएको छ । नक्कली शैक्षिक योग्यताको आधारमा सरकारी सेवा, तलब, भत्ता र अन्य सुविधा प्राप्त गरेको ठहरसहित आयोगले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजायमागगर्दै मुद्दा दायर गरेको हो ।

# गोकर्णेश्वर नगरपालिकाको स्वास्थ्य सेवा काठमाडौं जिल्लाकै उत्कृष्ट

**काठमाडौं/मस–** काठमाडौं जिल्लाका ११ स्थानीय तहमध्ये गोकर्णेश्वर नगरपालिकाको स्वास्थ्य सेवा सुविधा उत्कृष्ट घोषित भएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंले गरेको गत आर्थिक वर्षमा सम्पादित स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षाका आधारमा गोकर्णेश्वर नगरपालिका उत्कृष्ट भएको हो । स्वास्थ्य सेवाको गुणस्तर, पहुँच र प्रभावकारिताको मूल्यांकनका आधारमा पालिकाले अग्रस्थान हासिल गरेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य सेवाको क्षेत्रमा प्राप्त उत्कृष्टता नगरवासीका लागि गर्वको विषय भएको नगर प्रमुख दीपक रिसालले बताए । उनले यो उत्कृष्टताले नगरवासीलाई अझ प्रभावकारी, सुलभ र गुणस्तरिय सेवा दिन प्रोत्साहन गर्ने बताए । नगरपालिकाले गुणस्तरिय स्वास्थ्य सेवाका साथै नगरवासीको शारीरिक एवं मानसिक स्वास्थ्यका लागि जीवनशैली परिवर्तन र योगका कार्यक्रमलाईसमेत उच्च महत्व दिएको नगर प्रमुख रिसालले जानकारी दिए ।

योग नगर घोषणा गरिएको गोकर्णेश्वर नगरपालिकाको विभिन्न ९ वटै वडामा गरी हाल ४५ वटा नियमित योग केन्द्र सञ्चालनमा रहेका छन् । गोकर्णेश्वर नगर अस्पतालमार्फत नगरपालिकामा स्थायी बसोबास गर्ने नागरिकका लागि निःशुल्क स्वास्थ्यसेवा प्रदान गर्नुका साथै नेपाल मेडिकल कलेज, नेपाल अर्थोपेडिक अस्पताल र शंकरापुर अस्पतालबाट पनि उपचारमा छुटको व्यवस्था गरिएको स्वास्थ्य शाखा प्रमुख हरिप्रसाद उपाध्यायले जानकारी दिए ।

## फिर्ता...

परेको जग्गा फिर्ता ल्याउने प्रक्रियामा भएको प्रगतिबारे जानकारी लिँदै आएकी छन् । यसअन्तर्गत मंगलबार सिंहदरबारमा अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, शिक्षामन्त्री पुन र सञ्चारमन्त्री जगदीश खरेलको उपस्थितिमा त्रिविका उपकुलपति प्रा. दीपक अर्याल, रेक्टर प्रा. खड्ग केसी र रजिस्ट्रार प्रा. केदारप्रसाद रिजालगायतसँग छलफल गरिन् ।

छलफलमा मुख्य सचिव एकनारायण अर्याल तथा जग्गा खोजबिन समितिका पदाधिकारीसमेत उपस्थिति थिए । जहाँ प्रधानमन्त्री कार्कीले नै प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने भनेर सम्बन्धित निकायमाथि दबाब सिर्जना गरेकी छन् ।

'प्रतिवेदन सार्वजनिक भएपछि के कति जग्गा फिर्ता आयो ? फिर्ता ल्याउने प्रक्रिया कसरी अघि बढेको छ ? दोषीमाथि के कस्तो कारबाही भयो ?'जस्ता प्रश्न गर्दै उनी प्रतिवेदन कार्यान्वयन गर्ने वातावरण बनाउन आफैं दबाब दिनेगरी प्रस्तुत भएकी छन् ।

प्रधानमन्त्रीले निर्देशन दिएर मात्रै पनि काम नहुन सक्ने अवस्था भएकाले प्रधानमन्त्री प्रतिवेदन कार्यान्वयन गर्ने वातावरण बनाउने कार्यमा लागेको उनीनिकट अधिकारी बताउँछन् ।

त्रिविका पदाधिकारीले विश्वविद्यालयको जग्गा ओगटेर बसेकालाई हटाउन र अपचलनमा परेको जग्गाको लगत कायम गर्न सरकारको नागरिक समाज र अन्य सरोकारवालाहरूको समेत सहयोग खोजेको छ ।

प्रधान्त्रीले नै गम्भीर रूपमा लिएपछि गृहमन्त्री अर्यालले जग्गाको लगत कायम गर्ने जिम्मेवारी विश्वविद्यालय आफैंले लिनुपर्ने बताएका छन् । अर्थात् सरकार विश्वविद्यालयलाई जिम्मेवार बनाउन लागेको छ । ताकि सरकारले हस्तक्षेप गर्न नपरोस् । तथापि आवश्यक परे किर्ते गरी जग्गा हडपिएको छ भने प्रत्येक घटना अलगअलग मुद्दाका रूपमा सिआइबीमा जाहेरी आउनुपर्ने र त्यसअनुसार सिआइबीले आवश्यक कारबाही अघि बढाउने गृहमन्त्री अर्यालको प्रतिबद्धता छ ।

प्रतिवेदनमा उल्लेख भएअनुसार कीर्तिपुर स्थित १ हजार ५ सय रोपनी जमिन भोगचलनका हिसाबले विभिन्न संस्थाको मातहतमा छ ।

## फरार...

यसपटक २ हजार ७ सय ३७ मतदान केन्द्रहरू सामान्य अवस्थामा रहेको प्रारम्भिक विश्लेषण छ । अघिल्लो निर्वाचनमा ३ हजार ३ सय ८७ रहेका थिए ।

गृह मन्त्रालयका अनुसार जिल्ला सुरक्षा समितिको सिफारिसका आधारमा निर्वाचन आयोगले मतदान स्थलहरूलाई तीन तहमा वर्गीकरण गरी सोहीअनुसारको सुरक्षा रणनीति तयार हुने गरेको छ । प्रारम्भिक सुरक्षा विश्लेषणमा नै मतदान केन्द्रहरूको सुरक्षा संवेदनशीलता बढेको पाइएपछि विगतका निर्वाचनभन्दा फरक रणनीति अपनाउनेगरी सुरक्षा रणनीति तयार गर्नेबारे गृहकार्य भइरहेको गृह मन्त्रालयका अधिकारी बताउँछन् ।

अति संवेदनशील मतदान केन्द्रहरू बढ्नुको कारणमा जेनजी आन्दोलनका क्रममा लुटिएका हतियार फिर्ता नहुनु र भागेका कैदीबन्दी नियन्त्रणमा आउन बाँकी रहनु हो ।

गत २४ भदौमा देशभरका कारागारबाट १४ हजारभन्दा बढी कैदी फरार भएका थिए । तीमध्ये ५ हजार २ सय कैदी अझै नियन्त्रणमा आउन बाँकी छन् । साथै, विभिन्न प्रकारका ४ सय हतियार नियन्त्रणमा आएका छैनन् ।

सरकारले निर्वाचन सुरक्षा योजना तयार गर्दा निर्वाचनअघि, निर्वाचन अवधि र निर्वाचनपछि मतगणना नतिजा नआउन्जेलसम्मको अवधिलाई वर्गीकरण गर्ने गरेको छ । तीन चरणमा वर्गीकरण गरेर सुरक्षा रणनीति तयार पार्ने गर्छ । समग्र सुरक्षा अवस्थासँगै मतदान केन्द्रहरूको सुरक्षा अवस्थाबारे जानकारी लिएर सोहीअनुसार समग्र सुरक्षा रणनीति तयार हुनेछ ।

## धान...

उत्पादन यस वर्ष खडेरी र बेमौसमी वर्षाले घट्ने देखिएको हो ।

जलवायु परिवर्तनको प्रभावले अतिवृष्टि र अनावृष्टिका कारण कृषि क्षेत्रमा त्यसको असर बढ्दो छ । पछिल्ला वर्षमा धान उत्पादन बढ्दै जाँदा यस वर्षसमेत धान उत्पादन बढ्ने अनुमान गरिएकामा पछिल्लो वर्षाले उत्पादन भएको धानमा नै असर गरेको हो ।

धानको उत्पादनमा ह्रास आउनासाथ धानचामल आयात बढ्ने अनुमान गरिएको छ । भन्सार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८१/८२ मा २१ अर्ब ५२ करोड ३७ लाख रुपैयाँबराबरको ५ लाख ३३ हजार ७ सय १५ मेट्रिक टन धान आयात गरिएको थियो । यस्तै, १८ अर्ब ६६ करोड ५९ लाख ३१ हजार रुपियाँबराबरको २ लाख ४१ हजार ५ सय ५३ मेट्रिक टन चामल आयात भएको थियो ।


**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**चिरौली, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**(सूचना प्रकाशन मिति २०८२/७/२७)**

यस भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८२/०४/३० गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित विद्युतिय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यका लागि रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरूपमा प्रभावग्राही रहेका बोलपत्रहरू मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | BNRM/CS/NCB/WORKS/ROAD-01/082/083 | वडा न ०१ को प्रकाशपुर नहर देखि चिरौली चौक सम्म कालोपत्रे सडक | समिक्षा निर्माण सेवा इनरुवा, सुनसरी | रु.१,३३,४०,८३६।८५ |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रचण्ड–माधव र भीम रावलको पुनर्मिलनको निशानामा ओली

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ कात्तिक

झन्डै एक वर्षदेखि पार्टीविहीनजस्तै बनेका नेकपा एमालेका पूर्वउपाध्यक्ष भीम रावल अन्ततः नेपाली कम्युनिष्ट पार्टीमा समाहित भएका छन् ।

पार्टी हितविपरीत निरन्तर अभिव्यक्ति दिएको भन्दै एमालेबाट निष्कासित रावल आफैं नयाँ दल बनाउने तयारीमा थिए । मातृभूमि जागरण अभियान गठन गरेर सुदूरपश्चिमका जिल्ला-जिल्लामा अभियान पनि चलाए । तर एमालेको अन्तरविरोधमा आफूलाई साथ दिएकै नेताहरूले पनि साथ नदिएपछि उनी रोकिएका थिए । बुधबार एमाले केन्द्रीय सदस्य प्रकाशबहादुर शाहसकिहत रावलको समूह पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेकपामा समाहित भएको हो ।




दुई पार्टीको एकतापत्रमा हस्ताक्षर गर्दै उनले नेकपाकालीन पार्टी विभाजनलाई स्मरण गरेका छन् । बुधबारको एकताले विछोडको घाउमा मलम लागेझैं भएको उनले बताए ।

'जुनबेला नेकपालाई विशृंखलित गरेर निहित स्वार्थ पूरा गर्नेबाट विभाजन गरिँदा गह्रौं मन लिएर यसै ठाउँबाट गइएको थियो' उनले भने, 'फर्केर आज तत्कालीन नेकपाका नेतासँग विचार मन्थन गर्न पाउँदा त्यो बिछोडको दिनको आलो घाउमा मलम लागेझैं भएको छ ।'

राष्ट्रिय सभागृहमा आयोजित एकता सभामा भने मुख्य नेताहरूको मन्तव्यको केन्द्रमा एमाले अध्यक्ष केपी शर्मा ओली थिए । नेकपा संयोजक प्रचण्डले ओलीले हावा कुरा गर्दै हिँडेको टिप्पणी गर्दै एमाले नेताहरू आफ्नो पार्टीमा आउने बताए । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण नगरेको प्रसंगलाई पनि उनले महत्व दिएर उठाए । 'एमालेको अहिलेको नेतृत्वले मदन भण्डारीलाई बदनाम गर्ने, उहाँको परिवारलाई अपमान गर्ने कोशिश गरिरहेको छ,' प्रचण्डले भने, 'विद्यालाई पार्टी सदस्यता नदिने एमाले मदन भण्डारीको एमाले हुन सक्दैन ।'

आफ्नो पार्टीलाई वृद्धाश्रम भनिएकोप्रति पनि उनको आपत्ति थियो । सहसंयोजक माधवकुमार नेपालले आफूहरूको एकताले ओलीको सातो गएको टिप्पणी गरेका छन् ।

'पार्टी एकताको यो अभियानले नेपालको राजनीतिमा नयाँ तरंग पैदा गरेको छ । कम्युनिष्ट आन्दोलनका कतिपय घटकहरूको सातो गएको हुनुपर्छ,' उनले भने, 'होस हवास गुमेको हुनुपर्छ । होस गुमाउनु आवश्यक छैन, गालीगलौजमा उत्रिनुपर्ने आवश्यकता छैन । बरु मैले त बिगारेँ, तपाईंहरूले सपार्दै हुनुहुन्छ भनेर धन्यवाद प्रस्ताव पास गर्नुस् ।'

नेकपामा समाहित भएका नेता रावलले पनि एमाले अध्यक्ष ओलीको आलोचनामै धेरै समय खर्चिए । ओलीले एकातर्फ घर फर्क भन्ने अर्कोतर्फ पार्टी छाडेर गए हुन्छ भनेर दोहोरो चरित्र देखाएको उल्लेख गर्दै भने, 'वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे र युवराज ज्ञवालीलाई पार्टीबाट निस्केर जान दबाब दिइरहेका छन् ।'

ओलीले दुई तिहाईको नेकपाको जम्बो जेट चलाउने वाचा गरेर धोका र गद्दारी गरेको रावलको आरोप थियो । 'नेकपा विभाजन गर्न विदेशीसँग मिलेर उहाँले सकुनीको भूमिका निर्वाह गर्नुभयो । विभिन्न बहाना बनाएर मलाई समेत धोका दिनुभयो,' उनले भने । ओलीले सुखानीको जंगलमा सहिदले बगाएको रगतलाई अलकत्रा बनाएको आरोप लगाउँदै अब नेकपाले अलकत्रा पखाल्ने दाबी गरे ।

# 'ग्लोबल आइसिटी लिडरसिप फोरम' नेपालका लागि उपलब्धिमूलक



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले 'ग्लोबल आइसिटी लिडरसिप फोरम' नेपालका लागि उपलब्धिमूलक रहेको बताएका छन् ।

गणतन्त्र कोरियाको सिओलमा बुधबार आयोजित ११ औं 'ग्लोबल आइसिटी लिडरसिप फोरम' लाई सम्बोधन गर्दै उनले डिजिटल नेपाल र डिजिटल ट्रान्सफरमेसनका लागि लिडर्सिप फोरम उपलब्धिपूर्ण र फलदायी भएको उल्लेख गरे ।

उनले भने, 'डिजिलट लिडर्सिप फोरम एकदमै उपलब्धिपूर्ण र सफल भएको छ, यसले आगामी दिनमा डिजिटल नेपालको अवधारणामा आधारित भएर डिजिटल नेपालको रूपमा अगाडि बढाउन तथा एआईमैत्री नेपाल बनाउन फोरम फलदायी भएको छ ।'

सञ्चारमन्त्री खरेलले नेपालले डिजिटल तथा एआई ट्रान्सफरमेसनसम्बन्धी नीति बनाएर संरचनागतरूपमा काम अगाडि बढाएको उल्लेख गरे । उनले थपे, 'नेपालले विशेषगरी डिजिटल तथा एआई ट्रान्सफरमेसनको सन्दर्भमा एआई नीति बनाएको छ । राष्ट्रिय एआई केन्द्र सञ्चालनमा आएको तथा एआई काउन्सिल पनि गठन गरिरहेको छ । डिजिटल नेपालको रोडम्यापको मस्यौदा तयार गरिएको जानकारी फोरमलाई गराइएको छ ।'

सञ्चारमन्त्री खरेलले कोरियन सरकार, विश्व बैंकलगायत अन्य विभिन्न साझेदार संस्थाहरूसँग नेपाल सरकारको तर्फबाट आगामी दिनमा सहकार्य गर्ने प्रस्ताव फोरममा राखिएको जानकारी दिए ।

उनका अनुसार विशेषगरी कोरियन सरकार र विश्व बैंकलगायत साझेदार संस्थाको तर्फबाट पनि नेपाल सरकारसँग डिजिटल र एआई ट्रान्सफरमेसनको लागि आगामी दिनमा सहकार्य र साझेदारिताका साथ अघि बढ्ने समझदारी बनेको छ ।

सञ्चारमन्त्री खरेलले भने, 'डिजिटल र एआई विषयमा साझेदारी भन्नाले विभिन्न आर्थिक साझेदारी क्षमता अभिवृद्धि गर्न, 'एक्सपोजर भिजिट', 'ज्ञान आदानप्रदान' लगायतका विषयमा आगामी दिनमा साझेदारी गर्ने र नेपाललाई सहयोग गर्ने कुराकानी भएको छ ।' समूहगत सत्रको छलफलमा पनि सञ्चारमन्त्री खरेलले नेपालको प्राथमिकता, साझेदार संस्थासँगको सहकार्य एवं साझेदारिताका विषयमा धारणा राखेका थिए ।

त्यसक्रममा कोरिया सरकार र त्यहाँको नेशनल इनफर्मेशन सोसाइटी एजेन्सी (एनआइए) बीच पनि आपसी सहकार्य र सझेदारीताका विषयमा परामर्श भएको थियो ।

फोरममा दक्षिण कोरिया लागि नेपालका राजदूत डा. शिवमाया तुम्बाहाम्फेलगायत सहभागी थिए । फोरममा सहभागी हुन सञ्चारमन्त्री खरेल मंगलबार कोरिया गएका थिए । कोरियाको विज्ञान र आइसिटी (एमएसआइटी) मन्त्रालय तथा नेशनल इनफर्मेशन सोसाइटी एजेन्सी (एनआइए) सँगको संयुक्त आयोजनामा सिओलमा आइसिटी लिडरसिप फोरम आयोजना गरिएको हो ।

सञ्चारमन्त्री खरेलका साथमा उनका स्वकीय सचिव उद्धव भट्टराई पनि कोरिया गएका छन् । फोरममा डिजिटल र एआई ट्रान्सफर्मेसन : स्ट्राटिजिस एन्ड च्यालेन्ज र ग्लोवल कोअपरेशन फर सस्टेनेवल डिजिटल फ्युचर विषयमा दुई सत्रहरू सञ्चालन भएका छन् । डिजिटल र एआई ट्रान्सफर्मेसन : एसडिजीहरू र दिगो विश्वव्यापी भविष्य हासिल गर्ने विषयअन्तर्गत फोरममा 'एचिभिङ द एसडीजी एन्ड ए फ्युचर' विषयक फोरममा नेपालसहित विभिन्न देशका मन्त्री, प्रधानमन्त्रीका विज्ञ सल्लाहकार, सरकारी प्रतिनिधि तथा एसिया प्रसान्तका लागि संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक आयोग र अन्य अन्तरराष्ट्रिय संस्थाहरू पनि सहभागिता रहेको छ । मन्त्री खरेल यही कात्तिक २९ गते स्वदेश फर्किनेछन् ।

# मुख्यमन्त्री यादवको नियुक्तिको वैधताबारे लिखित जवाफ माग



**काठमाडौं/मस–** सर्वोच्च अदालतले मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवको नियुक्तिको वैधताबारे कारण देखाउ आदेश गर्दै लिखित जवाफ माग गरेको छ । न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले बुधबार मुख्यमन्त्री यादवलाई १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ माग गर्ने आदेश गरेको हो ।

मुख्यमन्त्री यादवविरूद्ध कृष्णप्रसाद यादवसहित मधेस प्रदेशका ७४ जना सांसदहरूले दायर गरेको रिट निवेदनको बुधबार प्रारम्भिक सुनुवाइ गरेको हो । अदालतले यही कात्तिक ३० गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

आदेशमा भनिएको छ,'प्रकृति एवं गाम्भीर्यता समेतलाई विचार गरी दुवै पक्षबीच छलफल गरी दुवै पक्षलाई राखी निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिँदा अन्तरिम आदेश छलफल प्रयोजनार्थ मिति २०८२/७/३० गतेको पेसी तोकी सोको जानकारी विपक्षीहरुलाई दिइ नियमानुसार पेस गर्नु ।' अदालतले मुख्यमन्त्री नियुक्तिसम्बन्धी यही कात्तिक २३ गतेको निर्णय, मन्त्रिपरिषद् गठनसम्बन्धी सम्पूर्ण कागजातसहितको फाइल झिकाउन भनेको छ ।

# प्रहरी महानिरीक्षक खापुङको बिदाइ




**काठमाडौं/मस–** गृहमन्त्री ओमप्रकाश अर्यालले प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले प्रहरी सेवामा रहँदा देखाएका बौद्धिकता र पेसाप्रतिको दक्षताले प्रहरी कर्मचारीको मनोबल उच्च रहेको बताएका छन् ।

तीस वर्षे सेवा पूरा गरी बुधबारदेखि अनिवार्य अवकाशमा जान लाग्नुभएका खापुङलाई गृह मन्त्रालयमा बिदाइ गर्दै गृहमन्त्रीले अवकाश जीवनपछि पनि उनको अनुभव राष्ट्रलाई खाँचो रहेको बताए ।

उनले भने, 'अवकाश हुँदैमा छुट हुँदैन, राष्ट्रिय जीवनमा तपाईंहरुको योगदान यो मुलुकले अपेक्षा गरिरहने छ ।'

गृहसचिव रामेश्वर दंगालले प्रहरी संगठनको नेतृत्वमा रहेर खापुङले देखाएका कार्यकुशलता प्रसंशनीय रहेको बताएका गृहमन्त्रीको सचिवालयले जनाएको छ । प्रहरी महानिरीक्षक खापुङले कुनै पनि सेवामा सफल हुनका लागि सेवाप्रति निष्ठा भाव र लगनशीलता महत्वपूर्ण हुने धारणा व्यक्त गरे ।

# सिन्धुलीमा सवारी दुर्घटनामा दुई जनाको मृत्यु, चार घाइते

**सिन्धुली/मस–** सिन्धुलीको दुधौली नगरपालिका-४ लक्ष्मीपुर स्थित मदनभण्डारी राजमार्गमा बुधबार दिउँसो सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने चार जना गम्भीर घाइते भएका छन् ।

भिमानबाट दुधौलीतर्फ जाँदै गरेको प्रदेश १-०२-००२ ख ४११ नम्बरको ट्रक र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश २-०१-००१ प २१४२ नम्बरको मोटरसाइकल तथा मप्र.०२-००६ प ५८४१ नम्बरको पल्सर मोटरसाइकल आपसमा ठोक्किँदा दुर्घटना भएको हो ।



जिल्ला प्रहरी कार्यालय, सिन्धुलीका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका दुधौली नगरपालिका-११ टाडी निवासी ३४ वर्षीय रामकुमार कुमर र दुधौली नगरपालिका-३ निवासी २५ वर्षीय फुलबाबु धामीको उपचारका क्रममा दुधौली नगर अस्पताल सिर्थौलीमा मृत्यु भएको हो ।

त्यस्तै दुर्घटनामा दुधौली-३ का २६ वर्षीय विप्लव धामी, सोही ठाउँका २७ वर्षीय वृद्धि थारू, २५ वर्षीय सुनिल माझी र ३२ वर्षीय कुशे धामी घाइते भएका छन् । त्यसमध्ये तीन जनाको अवस्था गम्भीर रहेका जिल्ला प्रहरी कार्यालय, सिन्धुलीका प्रमुख एवं प्रहरी उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए । उनका अनुसार उनीहरू बोल्न समेत नसक्ने अवस्थामा छन् ।

दुर्घटनाग्रस्त मप्र.०२-००६ प ५८४१ नम्बरको मोटरसाइकलमा आगलागी भई पूर्ण रूपमा क्षति भएको छ । ट्रक चालक धनकुटा छथर जोरपाटी गाउँपालिका-६ निवासी २५ वर्षीय शेरबहादुर विष्टलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घाइते चारै जनालाई उपचारका लागि दुधौली नगर अस्पतालमा पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय डकाहाका प्रहरी निरीक्षक सपना खड्काले जानकारी दिइन् ।

# इमानदारीपूर्वक सुधारका काम गर्ने प्रजिअ सुवेदीको प्रतिबद्धता

**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ कात्तिक

अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी (प्रजिअ)तोयनारायण सुवेदीले जिल्लामा इमानदारीपूर्वक सुधारका काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । हालै सरुवा भएर आएका सुवेदीले बुधबार पत्रकारहरूसँग भेटघाट गर्दै प्रशासन कार्यालयबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउने र नागरिकमुखी कार्यशैली विकास गर्ने बताए ।



उनले प्रशासनका कर्मचारीलाई कानुनअनुसार जिम्मेवारीपूर्वक काम गर्न निर्देशन दिइसकिएको बताए । उनले भने, 'कानुनले तोकेको कार्यविधि पूरा गरेर आएको काममा आलटाल गर्न पाइँदैन, काम नगर्ने कर्मचारीमाथि कारबाही हुनेछ ।'

सुवेदीले मालपोत, नापी लगायत सेवाग्राही बढी हुने कार्यालयको सेवा सुधार, सार्वजनिक सम्पत्तिको संरक्षण र शान्ति-सुरक्षा मजबुत बनाउन आफू प्रतिबद्ध रहेको बताए । उनले जिल्लाका अनियमितता र समस्या समाधानका लागि सम्बन्धित निकायका प्रमुखहरूलाई जिम्मेवार बन्न आग्रह गरे ।

उनले भने,'जसरी म प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा छु, त्यस्तै अन्य कार्यालय प्रमुख पनि आफ्नो जिम्मेवारीप्रति उत्तरदायी हुनुपर्छ। गलत काम सह्य हुँदैन ।'

सुवेदीले कालोबजारी, सानो तस्करी रोकथाम, र जनप्रतिनिधि तथा स्थानीय तहसँग मिलेर जिल्ला स्तरका समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । आगामी निर्वाचनको तयारीबारे बोल्दै उनले निर्वाचन सफल बनाउन सबै निकायबीच समन्वय आवश्यक रहेको बताए ।

यसैबीच सन्धिखर्क नगरपालिकाले प्रमुख जिल्ला अधिकारी सुवेदीलाई स्वागत गरेको छ । नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालले सुवेदीलाई पुष्पगुच्छा र खादा अर्पण गरेर स्वागत गरेका हुन् ।

कार्यक्रममा नगर प्रमुख श्रेष्ठले शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा संकटका समयमा प्रशासन, प्रहरी र अन्य संस्थासँग समन्वय गर्दै आएको जानकारी दिए । उनले स्थानीय तहबाट सामान्य विवाद वडास्तरमै समाधान भइरहेको र संघ-प्रदेशसँग सहकार्यमा गतिविधि अघि बढाइएको बताए ।

नगर प्रमुख श्रेष्ठले संघीयताको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहबीचको समन्वय आवश्यक रहेको बताए । उनले कृषि, शिक्षा, स्वास्थ्य, वन र खानेपानीलगायतका क्षेत्रमा नगरपालिका सक्रिय रूपमा काम गरिरहेको जानकारी दिए ।

प्रजिअ सुवेदीले अर्घाखाँचीमा काम गर्ने अवसर पाउँदा गौरव महसुस भएको बताउँदै सन्धिखर्कको सुशासन र सेवा प्रवाह नमुना रहेको सुनेको बताए । उनले स्थानीय तह जनताको नजिकको सरकार भएकाले त्यसलाई अझ सक्षम र अधिकारसम्पन्न बनाउनुपर्नेमा जोड दिए । सुवेदीले जिल्लाको शान्ति-सुरक्षा तथा सांस्कृतिक सम्पदाको संरक्षणमा कुनै सम्झौता नहुने उल्लेख गरे । कार्यक्रममा नगरप्रमुख श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनाल, वरिष्ठ प्रशासकीय अधिकृत मञ्जु खनाल, प्रवक्ता मोतिजंग रायमाझी, विभिन्न वडाध्यक्ष, वडा सदस्य तथा शाखा प्रमुखहरू उपस्थित थिए ।

# फतुवा विजयपुरमा करारका कर्मचारी धर्नामा



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २६ कात्तिक

रौतहटको फतुवा बिजयपुर नगरपालिकामा कार्यरत करारका कर्मचारीहरूले म्याद थपको माग गर्दै बुधबारदेखि धर्ना थालेका छन् । गत साउन ३० गते सम्पन्न नगरसभापछि नगरपालिकाको बोर्डबाट करार कर्मचारीको म्याद थप गर्ने निर्णय भएपनि अहिलेसम्म म्याद नथपिएपछि कर्मचारीहरू आन्दोलनमा उत्रिएका हुन् । म्याद नथपिँदा उनीहरू बिचल्लीमा परेका छन् भने पालिकाको कामकाजसमेत प्रभावित भएको छ ।

करारका कर्मचारीहरूले बुधबारदेखि नगरपालिका कार्यालयको अगाडि बिहान १० बजेदेखि दिउँसो ५ बजेसम्म शान्तिपूर्ण धर्ना सुरु गरेका हुन् । उनीहरूले म्याद थप नभए चरणबद्ध रूपमा थप संघर्षका कार्यक्रम अघि बढाउने चेतावनी दिएका छन् ।

कर्मचारीहरूले कार्यवाहक नगरप्रमुख अम्बेया खातुन र प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवलाई म्याद थपको मागसहित ज्ञापनपत्र बुझाएका छन् ।

प्रमुख प्रशासकीय अधिकृत यादवका अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त पत्रमा दरबन्दी बाहेकका कर्मचारीलाई हटाउने र नयाँ भर्ना नगर्ने उल्लेख छ । तर, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बोर्डको निर्णय नै सर्वोपरी हुने उनले स्पष्ट पारे ।

कार्यवाहक नगरप्रमुख खातुनले दैनिक ज्यालादारी र करारका कर्मचारीको म्याद थप्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतको भएकाले आफूले नियमानुसार काम अघि बढाउन अनुमति दिइसकेको बताइन् । करारका कर्मचारीहरूले तत्काल म्याद थप्नुपर्ने माग गर्दै नगरपालिका प्रशासनलाई शीघ्र निर्णय गर्न आग्रह गरेका छन् ।

**कुबेतमा रोजगार**
कम्पनी : GREEN OMAN COMPANY PASTRIES AND SWEETS — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०७/२६ — चलानी नं.: ६०२४७२९२ — L.T. No.: 333599

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 7 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chocolate Maker | 5 | 0 | | 130 | ५९,८६१ | | | | | | | |
| 3. | Cleaner/helper | 10 | 0 | | 100 | ४६,०४७ | | | | | | | |
| 4. | Cook | 6 | 0 | | 150 | ६९,०७० | | | | | | | |
| 5. | Packing Worker (Labor) | 8 | 0 | | 100 | ४६,०४७ | | | | | | | |
| 6. | Pastry Man | 6 | 0 | | 150 | ६९,०७० | | | | | | | |
| 7. | Sales Girl (Female) | 0 | 5 | | 140 | ६४,४६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ४ गते (20 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

R. B. OVERSEAS PVT. LTD. — Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01-4971215, 4971043, 9801039446, 98010447
9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

**साउदीमा रोजगार**
कम्पनी: MODERN FOOD COMPANY — शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८२/०७/२६ — चलानी नं.: ६०२४७२९१ — L.T. No.:333609

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ५६,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ४ गते (20 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

R.P. International Consultancy P. Ltd — श्रम इजाजत नं. ४८१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np

मध्यान्ह
www.madhyanhadaily.com

२७ कातिक २०८२ बिहीबार
13 November 2025 Thursday

## सम्पादकीय

# परीक्षामा प्रहरी प्रमुख

नेपाल प्रहरीको ३३औं महानिरीक्षकका रूपमा दानबहादुर कार्कीले आजदेखि औपचारिक नेतृत्व सम्हाल्दै छन् । लामो प्रतिस्पर्धा पार गर्दै पहिलो वरीयताका आधारमा नेतृत्वमा पुगेका उनका लागि अबका २९ महिना आफ्नो क्षमता देखाउने वास्तविक परीक्षा हुनेछ । नेपाल प्रहरी अहिले आन्तरिक रूपमा कमजोर, बाह्य रूपमा दबाबपूर्ण र जनस्तरमा अविश्वासको घेराभित्र छ । यस्तो परिस्थितिमा उनले पाएको म्यान्डेट प्रशासनिक मात्र होइन, संवेदनशील सुरक्षा सम्हाल्ने, संगठनको खस्केको मनोबल उठाउने र विश्वसनीयता पुनर्स्थापित गर्ने ऐतिहासिक जिम्मेवारी पनि हो ।

जेनजी विद्रोह (२३–२४ भदौ)ले प्रहरी संगठन इतिहासकै कठिन मोडमा ल्याइपुर्‍याएको छ । संसद् भवन जोगाउने क्रममा भएको अत्यधिक बल प्रयोग र २२ प्रदर्शनकारीको मृत्युले प्रहरीलाई पूरै रक्षात्मक बनाइदियो । तीन प्रहरीको ज्यान गयो, सयौं घाइते भए, साढे ४ सयभन्दा बढी प्रहरी कार्यालयमा आगजनी र तोडफोड भयो । सयौं हतियार र हजारौं गोली लुटिए । यी सबै घटनाले प्रहरीलाई भौतिक रूपमा मात्रै होइन, मानसिक रूपमा पनि कमजोर बनाइदियो । संगठनभित्र आत्मबल पूरै गुमेको अवस्था छ । प्रहरीको बल आत्मविश्वासमा हुन्छ—त्यो पुनर्स्थापना नगरी संगठन प्रभावकारी हुन सक्दैन । यही आत्मविश्वास जगाउने जिम्मेवारी आइजिपी कार्कीको काँधमा आइपुगेको छ ।

जेनजी विद्रोहका क्रममा भएको प्रहरी दमनको छानबिन उच्चस्तरीय जाँचबुझ आयोगले गर्दै छ । दोषीमाथि कारबाही हुनैपर्छ । तर सोही घटनाकै कारण समग्र शान्ति सुरक्षाको जिम्मेवारी पाएको नेपाल प्रहरी कमजोर बन्नुहुँदैन । हिंसा भड्काएर एकै दिनमा सत्ता उलटफेर गरेको देखेका अदृश्य शक्ति पुनः आन्दोलन चर्काउने रणनीतिमा छन् । केही त्यस्ता समूहले आन्दोलनको घोषणा गरिसकेका छन् । संसद् पुनर्स्थापना कि आमचुनाव भन्नेमा पनि राष्ट्रिय राजनीति ध्रुवीकृत भइरहेको छ । त्यसले उत्पन्न गर्ने तनाव नियन्त्रणको जिम्मेवारी पनि प्रहरीकै हुनेछ । सबैभन्दा ठुलो चुनौती भनेको प्रमुख सुरक्षा अंगका रूपमा २१ फागुनको आमचुनावलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण बनाउने जिम्मेवारी पनि उसैको हुनेछ । लुटिएका हतियार अझै फेला नपर्नु, फरार कैदीबन्दीहरूको ठुलो संख्या जेलबाहिरै हुनु र दलहरूले आफ्नै सुरक्षा समूह बनाउने प्रवृत्तिले चुनावी सुरक्षालाई जटिल बनाएको छ । निष्पक्ष र हिंसारहित निर्वाचन सम्पन्न गराउनु कार्कीका लागि अर्को ठुलो चुनौती हुनेछ ।

नेपाल प्रहरीमा राजनीतिक हस्तक्षेप, स्रोतसाधनको कमी र संगठनभित्रको असन्तुष्टि पुराना रोग रोग हुन् । ती सबै अप्ठ्याराबीच नयाँ प्रहरी प्रमुखका लागि केही अवसर पनि छन् । प्रहरी संगठनलाई जनमुखी बनाउने, जनविश्वास पुनर्स्थापित गर्ने र कानुनी शासनको आधार पुनः मजबुत पार्न सके त्यो उनको ठुलो सफलता हुनेछ ।

# एक विश्व, एक स्वास्थ्य र एक औषधी

*कोभिड–१९ को महामारीले देखायो कि मानव, जनावर र वातावरणबीचको सम्बन्ध कति गहिरो छ । जसले प्रस्ट बनाएको छ 'एक स्वास्थ्य' अवधारणालाई व्यवहारमा लागू गरिनुपर्छ ।*

अग्रलेख



● डा. केदार कार्की

जलवायु परिवर्तन, प्रदूषण र बासस्थानको क्षतिजस्ता वातावरणीय तनावहरूले मानवको मानसिक स्वास्थ्यलाई प्रत्यक्ष रूपमा असर गर्ने गर्छ । जसका कारण चिन्ता, डिप्रेसन र तनावको दर बढ्दै जान्छ । त्यसैगरी, अन्य प्राणीको स्वास्थ्य र कल्याणले पनि मानव मनोवैज्ञानिक अवस्थामा महत्वपूर्ण प्रभाव पार्न सक्छ ।

प्रत्येक पशु चिकित्सक स्वभावैले एक स्वास्थ्यकर्मी हुन् । उनीहरूलाई पशुको बारेमा मात्रै होइन, मानवको स्वास्थ्यसँग सम्बन्धित पनि तालिम दिइन्छ । किनभने कुनै पनि जनावर तपाईंको ढोका ढकढक्याउँदै, भेट्न आउँदैन, त्यसैले मानिसहरूकै व्यवहार बुझ्नु आवश्यक हुन्छ ।



सन् २००८ जुलाई २७-३१ मा ब्रिटिस कोलम्बियाको भ्यानकुभरमा सम्पन्न विश्व पशु चिकित्सा सम्मेलनले पशु चिकित्सक र अन्य पशु स्वास्थ्य सेवा प्रदायकका लागि विविध शैक्षिक अवसर प्रदान गरेको थियो । जहाँ क्लिनिकल अभ्यास (निजी अभ्यास) र सार्वजनिक अभ्यास (जनस्वास्थ्य)सँग सम्बन्धित विषयमा निकै चर्चा भयो । कार्यक्रमले पशु चिकित्साका लगभग सबै पक्ष समेटेको थियो । 'हाम्रो विविधता मनाऔं' भन्ने नाराका साथ भएको कार्यक्रमले पशु चिकित्साको क्षेत्र निकै फराकिलो भएको कुरा प्रस्ट्याएको थियो ।

हुन पनि लगभग दुई तिहाइ (६० दशमलव ३ प्रतिशत) उदीयमान संक्रामक रोगहरू जुनोटिक अर्थात् जनावरबाट मानिसमा सर्ने गर्छन् । तीमध्ये अधिकांश (७१ दशमलव ८ प्रतिशत) वन्यजन्तुबाट उत्पन्न भएका हुन् र हालका वर्षहरूमा ती घटना बढ्दै गएका छन् । अनुसन्धानले देखाएको छ कि ५० प्रतिशतभन्दा बढी उदीयमान संक्रामक रोग ब्याक्टेरियाका कारण भएका थिए, जसमा धेरै औषधी-प्रतिरोधी जीव समावेश छन् । अध्ययनले सामाजिक, आर्थिक, वातावरणीय र पारिस्थितिक कारण र रोगको उदयबीच गहिरो सम्बन्ध देखाएका छन् । यसले नयाँ रोगहरू देखापर्न सक्ने सम्भावित क्षेत्र (जसलाई 'उदाउँदो रोग हटस्पट' भनिन्छ) पहिचान गर्न सहयोग पुर्‍याउँछ ।

विशेषगरी, कम अक्षांशका क्षेत्रहरूमा वन्यजन्तुजन्य र भेक्टरजन्य रोगहरूको जोखिम बढी छ तर त्यहाँ रिपोर्टिङ प्रणाली कमजोर छ । भेक्टरजन्य रोगहरूको लागि देशको सिमाना भन्ने कुरा हुँदैन- रोगहरू सहजै सीमापार फैलिन्छन् । अनुसन्धानकर्ताहरूका अनुसार, संक्रामक रोगको नियन्त्रणका लागि विश्वव्यापी स्रोत पर्याप्त छैनन् किनकि अनुसन्धान र निगरानी कार्य ती देशमा केन्द्रित छन्, जहाँ नयाँ रोग देखिने सम्भावना कम छ । मानिस ज्ञात जुनोटिक रोगजनकको मात्र ३ प्रतिशतको प्राथमिक भण्डार हुन् तर रोगको प्रकोप पत्ता लगाउने काम प्रायः मानव केस पत्ता लागेपछि मात्र सम्भव हुन्छ । त्यसैले मानव र जनावरबीचको निगरानी प्रणाली एकीकृत हुन आवश्यक छ ।

सन् २००८ मा अमेरिकन पशु चिकित्सा संघले आफ्नो सम्मेलनमा 'एक स्वास्थ्य' अवधारणामाथि विशेष छलफल गरेको थियो । 'एक स्वास्थ्य' भन्नाले मानिस, जनावर र वातावरण- यी तीनवटाको एकमुष्ट स्वास्थ्य प्राप्त गर्न स्थानीय, राष्ट्रिय र विश्वव्यापी तहमा विभिन्न विषयका विज्ञहरूको सहकार्यात्मक प्रयास हो । पशु चिकित्सकहरूका लागि यो अवधारणा विशेष रूपमा महत्वपूर्ण छ, किनकि उनीहरू खाद्य सुरक्षा, एन्टिबायोटिक संवेदनशीलता परीक्षण, जुनोटिक रोग अनुसन्धान, उदीयमान रोग नियन्त्रण, पारिस्थितिक संरक्षण, तुलनात्मक चिकित्सा अनुसन्धान, र मानव मानसिक स्वास्थ्यमा पनि योगदान पुर्‍याउँछन् ।

'एक औषधी' अर्थात् मानव र जनावर दुवैको स्वास्थ्यलाई एउटै दृष्टिकोणबाट बुझ्ने अवधारणा पुरानो भए पनि व्यवहारमा छुट्टिएका छन् । मानव चिकित्सा र पशु चिकित्सा आज छुट्टै पेसा बनिसकेका छन् । तर पशु चिकित्सक मात्र यस्ता स्वास्थ्य व्यवसायी हुन् जसले मानिस र जनावर दुवैसँग प्रत्यक्ष सम्पर्क राख्छन् । त्यसैले उनीहरूलाई जुनोटिक रोगको जोखिम र नियन्त्रणबारे विशेष ज्ञान हुन्छ ।

पशु चिकित्सकहरूले तुलनात्मक औषधी, जुनोसिस र जनस्वास्थ्यमा गहिरो तालिम पाएका हुन्छन् । चिकित्सकहरू (डाक्टरहरू)ले भने तुलनात्मक औषधी र आनुवंशिकीमा त्यति प्रशिक्षण पाउँदैनन् । त्यसैले, पशु चिकित्सक सार्वजनिक स्वास्थ्य खतरा पहिचान गर्न बढी सक्षम हुन्छन् । घरपालुवा जनावर रोग निगरानी प्रणालीका लागि 'सुरक्षा प्रहरी' बन्न सक्छन्, जसले घरेलु वातावरण र वन्यजन्तुमा फैलिने रोगहरूको प्रारम्भिक चेतावनी दिन सक्छ । साथै, पशु चिकित्सकहरूले पारिवारिक डाटा र घरपालुवा जनावरहरूको स्वास्थ्य अवस्थामार्फत पारिवारिक चिकित्सकहरूसँग सहकार्य गर्न सक्छन् ।

भविष्यमा सार्वजनिक स्वास्थ्य, मानव चिकित्सा, जैव-इन्जिनियरिङ, पशु विज्ञान, वातावरणीय विज्ञान र वन्यजन्तु संरक्षणका क्षेत्रमा सबै पेसाका विशेषज्ञबीच सहकार्य आवश्यक हुनेछ । सहकार्यमार्फत मात्र हामी रोगसँग लड्न र स्वास्थ्य प्रणाली सुदृढ बनाउन सक्षम हुनेछौं । धेरै पशु चिकित्सकहरूका लागि 'एक स्वास्थ्य' भन्ने शब्द सुन्नासाथ जुनोटिक रोगको रोकथाम र व्यवस्थापन मनमा आउँछ - चाहे त्यो विश्वव्यापी महामारी होस् वा स्थानीयस्तरको रेबिज नियन्त्रण कार्यक्रम ।

कोभिड-१९ महामारीले यस अवधारणालाई झन् प्रस्ट रूपमा उजागर गर्‍यो । यो एक 'एक स्वास्थ्य' समस्या थियो, मानिस वन्यजन्तु बजारमा गए, संक्रमण लिए र हवाई तथा जल यातायातमार्फत विश्वभर फैलियो । त्यसपछि घरेलु बिरालो र चिडियाखानाका ठुला जनावरहरूमा पनि संक्रमण फैलियो । जसले देखायो कि मानव, जनावर र वातावरणबीचको सम्बन्ध कति गहिरो छ । पशु चिकित्सकहरू सुरुदेखि नै रेबिज खोप, टोक्सोप्लाज्मोसिसबारे जनचेतना र आन्द्राका किरा हटाउने औषधी (डिवार्मिङ)मार्फत जनस्वास्थ्यमा योगदान पुर्‍याइरहेका छन् । उनीहरू जनावरको उपचार गर्दै गर्दा जनावर मालिकहरूको स्वास्थ्यको पनि रक्षा गरिरहेका हुन्छन् ।

> *भविष्यमा सार्वजनिक स्वास्थ्य, मानव चिकित्सा, जैव-इन्जिनियरिङ, पशु विज्ञान, वातावरणीय विज्ञान र वन्यजन्तु संरक्षणका क्षेत्रमा सबै पेसाका विशेषज्ञबीच सहकार्य आवश्यक हुनेछ । सहकार्यमार्फत मात्र हामी रोगसँग लड्न र स्वास्थ्य प्रणाली सुदृढ बनाउन सक्षम हुनेछौं ।*


दिगो स्वास्थ्य सेवा पूर्वाधार सुधार गर्न बहुआयामिक दृष्टिकोण आवश्यक छ- ऊर्जा दक्षता, नवीकरणीय ऊर्जा प्रयोग, फोहोर व्यवस्थापन, पानी संरक्षण र आपूर्ति शृंखला व्यवस्थापन । रणनीतिहरूमा भवनहरूको राम्रो इन्सुलेसन, सौर्य प्यानल जडान, पुनः प्रयोग र पुनर्चक्रण, वातावरणमैत्री खरिद नीति र पानी बचत गर्ने उपाय समावेश छन् । साथै, बिरामी र समुदायको सहभागिता, रोग रोकथाममा जोड र उपचार तथा प्रविधिको दक्षता सुधार पनि महत्वपूर्ण छन् । कोभिड-१९ महामारीपछि 'एक स्वास्थ्य' अवधारणा विश्वव्यापी रूपमा पहिचान प्राप्त गरिरहेको छ । यसले संघीयस्तरमा कोष, नीति र 'वन हेल्थ ऐन'जस्ता कानुनी प्रयासहरूको समर्थन बढाउन मद्दत गर्नेछ ।

## इतिहासमा आज

१३ नोभेम्बर २०१५ मा इस्लामिक स्टेटका कार्यकर्ताहरूले पेरिसमा आत्मघाती बम विस्फोट र सामूहिक गोलीबारी गराएका थिए । उनीहरूले १ सय ३० जनाको हत्या गरेका थिए । जुन दोस्रो विश्वयुद्ध पछि फ्रान्समा भएको सबैभन्दा घातक आक्रमण हो ।



१३ नोभेम्बर १९९५ मा नाइजेरिया एयरवेजको उडान ३ सय ५७ नाइजेरियाको कादुनास्थित कादुना अन्तर र्ष्ट्रिय विमानस्थलमा दुर्घटनाग्रस्त भयो, जसमा ११ जनाको मृत्यु भयो र ६६ जना घाइते भए ।



१३ नोभेम्बर २००० मा फिलिपिन्सको हाउस स्पिकर म्यानी भिलरले फिलिपिन्सका राष्ट्रपति जोसेफ एस्ट्राडाविरुद्ध महाभियोगको धारा पारित गरेको थियो ।



१३ नोभेम्बर १९९० मा न्युजिल्यान्डको अरामोआनामा प्रहरीले सामूहिक रूपमा १३ जनाको गोली हानी हत्या गरेको थियो ।



## सामाजिक सञ्जाल



कृष्ण ज्ञवाली

आफ्नो व्यावसायिक विज्ञता र लोकप्रियताको आडमा दल खोलेर वा अर्को दलमा पसेर राजनीतिमा आउन खोज्नु अस्वाभाविक होइन । तर त्यो केका लागि हो ? सत्ता र पद हासिल गरेर थप शक्तिशाली बन्न हो कि साँच्चै केही राम्रो र असल काम गरेर नागरिकको मन जित्न हो ? मोहभंग नहोस् कतै ती राम्रा भनिएका प्रति !

बालेन्द्र साह र सुदन गुरुङलाई एउटै ज्योति मगरले नै ब्रह्मान्ड देखाइदिइन् । राजनीति देशका लागि हुनुपर्छ न कि कसैलाई देवत्वकरण गर्न । देश चलाउनु भनेको भाँडाकुटी खेल्नु होइन । सामाजिक सञ्जालले कसले कसलाई उचाल्छ भन्ने कुरा बेग्लै हो । इतिहासले सही र गलतलाई मूल्यांकन गर्छ ।



विश्वरसिंह मेवाहाङ



तारानाथ दाहाल

जो झुटो दाबी गरिरहन्छ, अरूलाई प्रमाणबिना अनेक आरोप लगाइरहन्छ, अराजक अभिव्यक्तिबाट समाजमा जातीय र धार्मिक घृणा फैलाइरहन्छ, अनेक फौजदारी अभियोगको सामना गरिरहेछ, त्यस्ता पात्रहरूलाई पत्रकारिताका विश्वसनीय प्रोफेसनल हुँ भन्ने माध्यमहरूले किन स्पेस दिइरहन्छन् ? किन सबै भ्युज भेडा भएका ?

